उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६११९२८


पत्र सङ्ख्या:-०७७/०७८

चलानी नं:-

मिति:२०७७/०५/२६

विषय: -सूचना ।

जो जससंग सम्वन्ध राख्दछ ।

प्रस्तुत विषयमा बागमती प्रदेश सरकारबाट ससर्त अनुदान अन्तरगत हस्तान्तरण भई उमाकुण्ड गाउँपालिकाबाट आर्थिक वर्ष ०७७/०७८ मा कार्यान्वयन हुने आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तरगत आमा बाबु दुवै गुमाएका उमाकुण्ड गाउँपालिकामा स्थाई बसोबास गर्ने बालबालिकाहरुको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितताको लागी मासिक रु २०००/(अक्षरुपी रु दुई हजार)भत्ता प्रदान गरिने भएकाले आवेदन र तपशिलमा उल्लेखित कागजात सहित आफु बसोबास गरिरहेको सम्वन्धित वडा कार्यालय तथा गाउँपालिकाको महिला तथा बालबालिका ईकाइमा १५ दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल

आवेदनको साथमा देहायको कागजातहरु संलग्न गर्नुपर्नेछ ।

१.जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि(नागरिकता भएमा नागरिकताको प्रतिलिपि)

२.बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको प्रमाणित कागजात ।

३.विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र(५ वर्ष उमेर पुरा गरेको हकमा मात्र)

४.संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

५.थप जानकारीको लागी महिला बालबालिका तथा समाज कल्याण ईकाइको सम्पर्क नं ९८४१७६७९०१ मा सम्पर्क गर्न सकिनेछ ।

..............................

श्री ईश्वरी प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

इश्वरी प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

उमाकुण्ड गाउं कार्यपालिकाको कार्यालय